राजनराज पन्त
नगर प्रमुख

**मिति २०७८।०१।०८ गते वसेको कार्यपालिका वैठकका प्रस्तावहरु :**

१.कोभिड १९ सम्वन्धमा ।

२.भूमिहिन दलित,भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासी सम्बन्धमा ।

३.घ वर्गको ईजाजत पत्र अनुमोदन गर्ने सम्वन्धमा ।

४.नगर सभा आह्वान सम्वन्धमा ।

५.वडा स्तरीय तथा नगर स्तरीय योजना छनौट कार्यतालिका सम्बन्धमा ।

६.विपद् व्यवस्थापन सम्वन्धमा ।

७.प्रधानमन्त्री रोजगार कार्यकम सम्वन्धमा ।

८.वडा नं. १४ को सेवा केन्द्र सम्वन्धमा ।

९.उद्यमी महिलाको लागि ऋण व्यवस्थापन कार्यविधि २०७८ पास गर्ने सम्वन्धमा ।

राजनराज पन्त
नगर प्रमुख

Scanned with CamScanner

मिति २०७८।०१।०८ गते वसेको कार्यपालिका वैठकका निर्णयहरु :

**निर्णय नं. १ :** प्रस्ताव नं. १ माथि छलफल गर्दा कोभिड १९ को दोश्रो कहर हाल राजधानी लगाएत अन्य स्थानहरुमा फैलिरहेकोले गोरखा नगरपालिका क्षेत्र भित्र मिति २०७८।०१।०७ गतेको DCCMC को वैठकवाट भएको स्थानीय तहले पालना गर्नु पर्ने शर्तहरु वमोजिमका कार्यहरु नगरपालिकाले गर्ने ,पूर्व गठित Rapid Response Team (RRT) लाई पुन : संञ्चालनमा ल्याउने र वाहिरवाट गो.न.पा. सिमा भित्र आउने व्यक्तिहरुवारे टोल विकास संस्था परिचालन गरी वडाले नगरपालिकालाई नियमित जानकारी गराउने र सामूहिक आईसोलेसनको लागि उपयुक्त स्थान खोजी कार्य अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. २ : (क)** प्रस्ताव नं. २ माथि छलफल गर्दा भूमिहिन दलित,भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीहरुको फाईल लगाएत आवश्यक अन्य कार्यहरुको रुजु गर्न सम्वन्धीत वडाका वडा सचिवलाई जिम्मेवारी दिने निर्णय गरियो साथै भूमिहिन सुकुम्वासी समस्या समाधान आयोगवाट पदाधिकारी वोलाई वडा अध्यक्ष र वडा सचिव समेतको संयुक्त अर्न्तरकृया कार्यक्रम पुन : संञ्चालन गर्न न.पा.कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निणय नं. ३ :** प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस अघि (घ) वर्ग ईजाजत जारी गरीएका निम्न अनुसारका व्यवसायहरुलाई प्रदान गरिएका ईजाजत पत्र अनुमोदन गर्ने निर्णय गरियो ।

| सि.नं. | व्यवसायको नाम | ठेगना | प्रोपाईटर | ईजाजत पत्र प्राप्त मिति | कैफियत |
|---|---|---|---|---|---|
| ०१ | नानू कन्स्ट्रक्सन | गो.न.पा.५ | साविना थापा | २०७७।१०।२० | |
| ०२ | डी.जि. कन्स्ट्रक्सन | गो.न.पा.६ | सुनिल थापामगर | २०७७।११।०९ | |

**निर्णय नं. ४ :** प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व.०७७।०७८ को लागि नीति कार्यकम तथा वजेट स्वीकृत गर्न मिति २०७८।०३।१० गते नगरसभाको मिति तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५** प्रस्ताव नं. ५ माथि छलफल गर्दा आगामी नगरसभामा समक्ष योजना पेश गर्ने सिलसिलामा वडास्तरीय योजना छनौटका सम्पूर्ण प्रकृया पुरा गरी २०७८ वैसाख मसान्त सम्म पेश गर्ने र जेठ पन्ध्र भित्र वडागत योजना छनौट गरी नगरकार्यपालिकामा सिफारिस गर्ने निर्णय गरियो ।

राजनराज पन्त
नगर प्रमुख

Scanned with CamScanner

राजनराज पन्त
नगर प्रमुख

**निर्णय नं. ६ :** प्रस्ताव नं. ६ माथि छलफल गर्दा वडा स्तरिय विपद व्यवस्थापन समितिको वैठक तुरुन्त वसी हावाहुरी लगायतवाट भएको विपदले पुर्‍याएको क्षतीको प्रहरी मुचुल्का सहित न.पा.मा सिफारिस गरी पठाउन वडा कार्यलयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ७ :** प्रस्ताव नं. ७ माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तरगत रोजगारीको लागि पहिलो चरणमा छनौट भएका कामदारले विचैमा काम छाडेमा सोही वडाको प्राथमिकता कममा परेको अर्को कामदारलाई छनौट गरी काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ८ :** प्रस्ताव नं. ८ माथि छलफल गर्दा वडा नं. १४ मा सेवा केन्द्र संञ्चालन सम्वन्धमा प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गठीत समितिको प्रतिवेदनलाई समेत मध्ये नजर गरी याङ्कोटमा सेवा केन्द्र राखि हप्तामा ३ दिन हटियावाट र ३ दिन यानकोटवाट सेवा दिने गरी कार्य अगाडि वढाउने निर्णय गरियो ।

**निर्णय नं. ९ :** प्रस्ताव नं. ९ माथि छलफल गर्दा कार्यपालिकामा पेश हुन आय वमोजिमको उद्यमी महिलाको लागि ऋण व्यवस्थापन कार्यविधि २०७८ पास गर्ने सम्वन्धमा ।छलफल गरी संसोधन सहित पारित गर्ने निर्णय गरियो ।

राजनराज पन्त
नगर प्रमुख

Scanned with CamScanner